## नेपाल सरकार
### अर्थ मन्त्रालयको
### सूचना

नेपाल सरकारले खण्ड ५८, अतिरिक्ताङ्क ५० (ख)+३, संवत् २०६५ साल फागुन २१ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम गठित वेरुजु फछ्र्यौट समितिको म्याद संवत् २०६७ साल बैशाख मसान्तसम्म थप गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## नेपाल सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल मानव धर्म सेवा समिति, काठमाडौंले पशुपति क्षेत्रमा आध्यात्मिक मंच र कम्पाउण्ड निर्माण गर्न लाग्ने निर्माण सामाग्रीहरुको खरिदमा लागेको वा लाग्ने मूल्य अभिवृद्धि कर पूर्ण रुपमा छुट गरी तिरिसकेको भए फिर्ता समेत गरिदिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी वि.पि.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरको लागि MDS Nordion, Belgium बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर २,000.00(दुई हजार) मूल्य बराबरको एक थान Radiation Source of Brachytherapy Unit आयातमा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी शारिरिक रुपले अपाङ्ग भएका काठमाडौं जिल्ला, काठमाडौं महानगरपालीका-१४ का श्री रामदेवी डंगोल, झापा जिल्ला, गौरादह-६ का श्री गोपाल कोइराला, मोरङ्ग जिल्ला, केरावारी-३ का श्री ताराप्रसाद लिम्वू र ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालीका-१० का श्री कृष्णबहादुर मौरतीले खरिद गरी ल्याउने चार थान चार पाङ्ग्रे स्कुटर आयातमा अन्तःशुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी लुम्विनी विकास गुरुयोजनाको लागि South Pond दक्षिण कोरियाका वौद्धगुरु Ven Sun Mook Hyeju बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ३,0५0.00(तीन हजार पचास) मूल्य बराबरको एकसठ्ठी थान

Picture Printed Marbel को आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**सूचना ५**

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा तथा उद्धार संघ, नेपाल Health Services and Relief Association (HESRA) को लागि पाकिस्तान सरकारबाट उपहार स्वरुप प्रदान गरिने TWS4 RTFE 25 DWABHA GA Nissan Microbus एक थान आयातमा भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**सूचना ६**

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी छत्रपाटी निःशुल्क चिकित्सालय नामको गैर सरकारी संस्थाद्वारा संचालित कार्यक्रमको लागि Gesellchaft Fur Medizinisch-technische Zusammenarbelt e.v., Germany बाट उपहार स्वरुप प्रदान गरिने यूरो ५९,०००.००(उनान्साठी हजार) मूल्य बराबरको स्वास्थ्य सामग्री आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**सूचना ७**

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी तीलगंगा आँखा केन्द्रका लागि The Fred Hollows Foundation, Australia बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ४,११५.००(चार हजार एक सय पन्ध्र) र GBP ३,३०६.००(तीन हजार तीन सय छ) मूल्य बराबरको आँखा उपचारमा प्रयोग हुने सामग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**सूचना ८**

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री हलेसी सामुदायिक प्रतिष्ठान, शाखा कार्यालय रिस्कु, उदयपुरको लागि १(एक) तथा द सहारा लोन सेविंग्स कोअपरेटिभ सोसाइटी लि.ले सर्लाहीको वरहथवा, हरिवन, रौतहटको गौर, महोत्तरीको जलेश्वर र सुनसरीको धरानमा उपयोग गर्ने ५ (पाँच) समेत गरी जम्मा ६(छ) थान एम्वुलेन्स आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**सूचना ९**

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Danida Direct Funding को सहयोग इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक परिसर भित्र MS Nepal, Engineering Campus, पुल्चोक र शिक्षा विभागको सहकार्यमा Compressed Stabilised Earth Block उत्पादन गर्नको लागि भारतबाट खरिद गर्ने भा.रु. १,९०,८२७/- (एक लाख नव्वे हजार आठ सय सत्ताईस) मूल्य बराबरको AURAM 3000 मेशिन आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**सूचना १०**

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभागको लागि Global Alliance for Vaccine and Immunologicals (GAVI) को सहयोगमा UNICEF मार्फत प्रदान गरिने अमेरिकी डलर १०,३९९.३५ (दस हजार तीन सय उनानसय, सेन्ट पैंतीस) मूल्य वरावरको 0.5 ML AD Syringe र Safety Box हरुको आयातमा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**सूचना ११**

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र भारत सरकार वीच June 8, 2009 मा सम्पन्न समझदारी पत्र अनुसार नेपालमा Telemedicine Project कार्यान्वयनको लागि Telecommunications Consultants India Limited मार्फत स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाले पाटन अस्पतालको नाममा झिकाएको भा.रु. १,०१,९१०/- (एक लाख एक हजार नौ सय दस) मूल्य वरावरको VSAT Equipment, Maintenance Spares आयातमा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**सूचना १२**

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी शारिरिक रुपले अपाङ्ग भएका मोरङ्ग जिल्ला, सुन्दरपुर-५ का श्री टीका देवी दाहालले खरिद गरी ल्याउने एक थान चार पाङ्ग्रे स्कुटर आयातमा अन्तःशुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**सूचना १३**

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय PMTCT कार्यक्रमको लागि Abbott Laboratories बाट निःशुल्क रुपमा प्रदान गरिने अमेरिकी डलर २४,६२०.५० (चौविस हजार छ सय वीस, सेन्ट पचास) मूल्य वरावरको औषधी/टेष्ट किट्सहरु

आयातमा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना १४**

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर चितवनले Varian Medical System, Inc., USA बाट खरिद गर्ने अमेरिकी डलर ५,६७,००० (पाँच लाख सतसट्ठी हजार) मूल्य वरावरको Varian Company को मेशिनहरुमा प्रयोग हुने सामानहरु आयातमा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना १५**

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी तीलगंगा आँखा केन्द्रको लागि AFYA Foundation, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ५,०००.०० (पाँच हजार) मूल्य वरावरको स्वास्थ्य सामाग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना १६**

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वच्छ नेपाल नामको गैर सरकारी संस्था द्वारा संचालित कार्यक्रमको लागि Miss June Wong, China बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १५८.००(एक सय अन्ठाउन्न) मूल्य बराबरको Shirts, Stationery, Dolls, Books आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

(भेषराज शर्मा)

सह-सचिव

**संविधानसभा सचिवालयको सूचना**

संविधानसभामा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) को खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली अनुसार नेपाल कम्युनिष्ट पार्टी (माले)का तर्फबाट निर्वाचित माननीय सदस्य श्री दामोदर चौधरीको मिति २०६७।०१।१६ गते मृत्यु भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६७ को खण्ड (ङ) बमोजिम मिति २०६७।०१।१६ देखि संविधानसभाको सदस्य संख्या एक रिक्त भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

मनोहरप्रसाद भट्टराई

संविधानसभाको महासचिव